श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राज्य रजौटा ऐन, २०१७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: राज्य रजौटा ऐन, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राज्य रजौटा (तेस्रो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. राज्य रजौटा ऐन, २०१७ को दफा ३ मा संशोधनः राज्य रजौटा ऐन, २०१७ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) यो ऐन बमोजिम समाप्त भएका राज्यहरूमध्येका सल्यानी राजा, बझांगी राजा, जाजरकोटे राजा र मुस्तांगी राजाका उपाधि श्री ५ बाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चाहिबक्सेमा प्रदान गरिबक्सनेछ। श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिमको व्यवस्थाहरूको अधीनमा रही देहाय बमोजिमको उपाधि निजले जीवनभर र निजपछि निजका पुरुष सन्तान दर सन्तानमध्ये नियममा तोकिएको तरीका अनुसार श्री ५ बाट उपाधि प्रदान गरिबक्सेका सन्तान दर सन्तानले धारण गर्न पाउनेछन्:–

(क) सल्यानी राजा
(ख) बझांगी राजा
(ग) जाजरकोटे राजा
(घ) मुस्तांगी राजा

तर पुरुष सन्तान नभै सल्यानी राजा, बझांगी राजा, जाजरकोटे राजा र मुस्तांगी राजामा कुनैको मृत्यु भए निजको स्थानमा नियममा तोकिएको तरीका अनुसार श्री ५ बाट अर्को व्यक्तिलाई त्यस्तो उपाधि प्रदान गर्न सकिबक्सनेछ।"

३. मूल ऐनको दफा ४ मा संशोधन: मूल ऐनको दफा ४ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:–

"(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको विरूद्ध कुनै काम गरेमा।"

४. मूल ऐनको दफा ६ मा संशोधन: मूल ऐनको दफा ६ मा रहेका "श्री ५ को सरकारले राजगुठीबाट" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारले दिएको आदेश अनुसार गुठी संस्थानले राजगुठीबाट" भन्ने शब्दहरू राखिएका छन्।

लालमोहर सदर मितिः– २०४४।६।१६

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।